नेपाल सरकार
# अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- २०७६/७७
च. नं.:- ६८७

मिति : २०७६/१२/२०

विषयः बजेट रोक्का सम्बन्धमा।

प्रिय सहकारीज्यू,

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसको कारण नेपाल पनि प्रभावित भई देश भर विषम परिस्थिति उत्पन्न भएको व्यहोरा यहाँलाई अवगत नै छ। कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि सार्वजनिक गतिविधि र आवागमनलाई नियन्त्रण गर्न विभिन्न उपायहरू अवलम्बन गरिएको छ। यसबाट आर्थिक गतिविधि प्रभावित भएकोले राजस्व संकलनमा समेत असर परेको छ। विनियोजन ऐन, २०७६ बमोजिम चालू आर्थिक वर्षको बजेटमा समावेश गरिएका कतिपय कार्यक्रम हाललाई स्थगित गरी विभिन्न निकायहरूमा विनियोजित बजेटलाई आवश्यकता अनुसार कोरोना भाइरस रोकथाम, नियन्त्रण लगायतका प्राथमिकता प्राप्त अन्य क्षेत्रमा समेत उपयोग गरी स्रोत व्यवस्थापन गर्नु पर्ने भएको छ।

यस सिलसिलामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ (१) मा रहेको व्यवस्था बमोजिम तहाँ मन्त्रालय/निकायको स्वीकृत बजेटको देहायका खर्च शीर्षकमा विनियोजित बजेट मध्ये २०७६ चैत्र २० सम्म दायित्व सिर्जना भइसकेको र बोलपत्र आब्हान भइसकेको वाहेक बाँकी रहेको बजेट तत्काल लागू हुने गरी मिति २०७६/१२/१९ को निर्णयानुसार रोक्का गरिएको हुँदा सो बमोजिम गर्ने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु। साथै, विगतमा झैं यस कार्यमा पनि यहाँको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

शिशिर कुमार ढुङ्गाना
सचिव

| खर्च शीर्षक | विवरण |
|---|---|
| २२४११ | सेवा र परामर्श खर्च |
| २२५११ | कर्मचारी तालिम खर्च |
| २२५२२ | कार्यक्रम खर्च |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| २२५२९ | विविध कार्यक्रम खर्च |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च (अति आवश्यक बाहेकको) |
| २८९११ | भैपरी आउने चालु खर्च |

| खर्च शीर्षक | विवरण |
|---|---|
| ३११२१ | सवारी साधन |
| ३११२२ | मेशिनरी तथा औजार |
| ३११२३ | फर्निचर तथा फिक्चर्स |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च |
| ३११७२ | पुँजीगत अनुसन्धान तथा परामर्श |
| ३१४११ | जग्गा प्राप्ति खर्च |
| ३१५११ | भैपरी आउने पुँजीगत |

श्री महालेखा नियन्त्रकज्यू,
महालेखा नियन्त्रक कार्यालय

**बोधार्थ तथा कार्यार्थ:**

श्री महालेखा नियन्त्रक कार्यालय: माथि उल्लिखित खर्च शीर्षकमा विनियोजित बजेट रोक्का गरिएको हुँदा निकासा नदिने व्यवस्था मिलाउनु हुन अनुरोध गर्दछु।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९१३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११६६४, ४२११३४८ (बजेट म.), ४२११६६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np